# <u>प्रथम त्रैमासिक अवधीमा भएका कार्यप्रगति</u>

नेपालीहरुको महान चाड बडादशैं, तिहार, छठ लगायतका  साँस्कृतिक पर्बहरुको अवसरमा स्वदेश र बिदेशमा रहनु भएका कर्णालीबासी लगायत सबै नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुस्वास्थ्य, सुख, शान्ति, सम्बृद्धि र दीर्घायुको मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

चालु आ.व. २०८०।८१ को २०८० श्रावण १ गते देखि हालसम्मको त्रैमासिक अवधिमा कर्णाली प्रदेश सरकारका बिभिन्न मन्त्रालयहरु, सचिवालय तथा आयोगहरुबाट सम्पादन भएका कार्यहरुको बारेमा जानकारी गराउन पाउँदा खुशी लागेको छ। न्यून बजेट र जनशक्तिको अभावमा पनि कर्णाली प्रदेश सरकार कर्णालीका जनताहरुको आर्थिक सम्पन्नता र सामाजिक न्यायका लागि सुख र खुशी ल्याउन तिब्र रुपमा खटिरहेको व्यहोरा निवेदन गर्दछु। चालु आ.व. को स्विकृत बार्षिक कार्यक्रमहरु निर्देशनालय, प्रदेश र जिल्ला स्थित कार्यालयहरुबाट कार्यसम्पादन हुने र प्रदेश सरकारबाट नियमित अनुगमन निरीक्षण गरिनेछ।

१. आ.व. २०८०।०८१ को नीति कार्यक्रम तथा बजेट निर्माण र स्विकृती भई कार्यान्वयन प्रकृयमा रहेको।

२. लगानी सम्मेलनको तैयारीका लागि प्रस्तावको निर्माण गर्ने काम भैरहेको।

३. स्विट्जरल्याण्ड भ्रमणको उपलब्धीः प्रदेशको सामाजिक आर्थिक विकासको लागि प्रस्ताव तयारी गरी लगानीको लागि छलफल चरणमा रहेको।

४. बिपद्क्षेत्रको अनुगमन र व्यवस्थापन- बाढी, पहिरो, चट्याङ, आगलागी पिडितको बिबरण संकलनको काम भैरहेको,

५. अतिबृष्टी र हुरीबतासबाट क्षति भएका किसानहरुलाई ६ करोड राहत उपलव्ध गराउन निर्णय भई कार्यान्वयन भइरहेको।

६. ऐनहरुको निर्माण निर्माण

- **प्रदेश सभामा दर्ता भै समितिमा छलफल भैरहेका विधयेकहरु-** विद्युत ऐन, प्रदेश प्रहरी विधयेक, प्रदेश खेलकूद ऐनको संशोधन विधयेक,
- **प्रदेश सभाबाट पारित विधयेकहरु-** कर्णाली प्रदेश बिनियोजन ऐन, कर्णाली प्रदेश आर्थिक ऐन, कर्णाली प्रदेश निजामती सेवा ऐन, कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन

- **मस्यौदा निर्माण गर्ने कार्य भैरहेका विधयेकहरु-** स्थानीय सेवा बिधेयक, कर्णाली सम्बृद्धि बिधेयक, दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्द्धन संवन्धि बिधेयक, आम संचार बिधेयक, आर्थिक कार्यबिधि तथा बित्त संबन्धी बिधेयक, प्रदेशको लघु बित्तीय संस्था स्थापना संबन्धि बिधेयक, कर्णाली प्रदेश लोकमार्ग लगायतका प्रदेश सडकको निर्माण, बिस्तार तथा मर्मत सम्भार गर्ने सम्बन्धमा ब्यबस्था गर्न बनेको विधयेक, कर्णाली प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, कर्णाली प्रदेश योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी बिधेयक।

## ७. नियमावलीहरुको निर्माण भएको

- कर्णाली प्रदेश सहकारी नियमावली
- कर्णाली प्रदेश प्रसारण (पहिलो संशोधन) नियमावली
- कर्णाली प्रदेश स्वास्थ्य सेवा नियमावली
- कर्णाली प्रदेश बन नियमावली
- कर्णाली प्रदेश पर्यटन नियमावली
- कर्णाली प्रदेश सुशासन नियमावली
- एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन नियमावली,
- खाद्य अधिकार तथा सम्प्रभुता (पहिलो संशोधन) निषयमावली,
- प्रदेश औद्यौगिक व्यावसाय नियमावली,
- प्रदेश व्यापार व्यावसाय (दर्ता तथा सञ्चालन) नियमावली,

## ८. मापदण्डहरुको निर्माण

- कर्णाली प्रदेश नमुना कार्यालय छनौट मापदण्ड निर्माण
- झोलुंगे पुल रणनीति २०८० मस्यौदा तर्जुमा गरिएको
- वाल विवाह विरुद्ध प्रादेशिक रणनीतिको मस्यौदा तर्जूमा

## ९. कार्यविधिहरुको निर्माण

- कर्णाली प्रदेश पत्रकारिता पुरस्कार वितरण कार्यविधि
- कर्णाली प्रदेश पुर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि

- कर्णाली प्रदेश निर्वाचन क्षेत्रगत पुर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि
- पूर्वाधार क्षेत्र (प्रदेश र स्थानीय) सह लगानी सम्बन्धि कार्यविधिको मस्यौदा तर्जुमा
- द्वन्द पिडित घाइते अपाङ्ग उपचार खर्च कार्यविधि
- सार्वजनिक शिक्षा सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि मस्यौदा तयारी दुर चिकित्सा तथा विद्युतिय स्वास्थ्य सूचना कार्यविधि संशोधन
- कृषि व्यवसाय प्रवर्द्धन नियमावली २०८० को मस्यौदा तयार भएको।
- कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८०
- जिल्ला समन्वय समितिका लागि अनुगमन तथा मूल्याङ्कन नमूना निर्देशिकाको मस्यौदा तयारी

१०. कर्णाली प्रदेश लोकसेवा आयोगबाट २०८० साउन देखि हालसम्म ३६० जना प्रदेश तथा स्थानीय तहमा सहायकस्तरका कर्मचारीहरु नियुक्तिका लागि सिफारिस गरेको छ।

## ११. कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भई काम भइरहेको

- स्थानीय तहका जनप्रतिनिधिहरुसंग अन्तरक्रिया, न्यायिक प्रवोधिकरण।
- प्रदेश तथा स्थानीय तहका अधिकृत तथा सहायकस्तरका ६६ जना कर्मचारीहरुलाई ३० कार्यदिने सेवाकालिन तालिम सम्पन्न।
- प्रदेश तथा स्थानीय तहका सहायकस्तरका ५४ जना कर्मचारीहरुलाई सेवा प्रवेश तालिम सम्पन्न।
- स्थानीय तहका ५७ जना कर्मचारीहरुलाई ५ दिने सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न।
- स्थानीय तहका ३४ जना प्राविधिक कर्मचारीहरुलाई सल्यान जिल्लामा प्राविधिक तालिम सम्पन्न।
- प्रदेश मन्त्रालय तथा मातहत कार्यालयका सूचना प्रविधिसँग सम्बन्धित ३४ जना कर्मचारीहरुको लागि ४ दिने सूचना प्रविधि सम्बन्धी तालिम सम्पन्न।

- विभिन्न जिल्लाका प्रदेश कार्यालयमा कार्यरत ५० जना कर्मचारीहरुको लागि योजना तर्जुमा प्रक्रिया, मध्यमकालीन खर्च संरचना र दीगो विकास लक्ष्य स्थानीयकरण सम्बन्धी तालिम सम्पन्न।
- सुर्खेतमा ७० जना र जुम्लामा ५५ जना गरी १२५ जना जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि २ दिने स्थानीय आर्थिक विकास सम्बन्धी कार्यशाला सम्पन्न।
- ३१ जना व्यक्तिलाई स्थानीय तहको आवधिक योजना तर्जुमा सम्बन्धी र २८ जनालाई सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरी स्थानीय स्रोत व्यक्तिको रुपमा विकास गरिएको।
- उपप्रमुखहरुको कार्यजिम्मेवारी सँग सम्बन्धित भएर सल्यान, रुकुम पश्चिम र जाजरकोट जिल्लाका उपप्रमुखहरुको सहभागितामा रुकुम पश्चिमको चौरजहारीमा **समुदाय अभ्यास (Community of Practitioners)** कार्यक्रम सम्पन्न भएको छ।
- प्रतिष्ठानको प्रशिक्षण परिषद्को पहिलो बैठक सम्पन्न भएको छ।
- प्रतिष्ठानलाई संस्थागत विकास गर्न सहयोग गर्ने देहायका दस्तावेजहरु निर्माण भएका छन्।
  - ✓ प्रशिक्षण सञ्चालन मापदण्ड (Standard Operating Procedures)
  - ✓ वडा कार्यालयको सेवा प्रवाह सम्बन्धी स्रोत पुस्तिका
  - ✓ प्रतिष्ठानको व्यावसयिक योजनाको अवधारणा पत्र
  - ✓ प्रतिष्ठानको रणनीतिक योजनाको अवधारणा पत्र
  - ✓ अधिकृतस्तरका कर्मचारीहरुको लागि सेवा प्रवेश तालिमको म्यानुअल
- जिल्ला समन्वय समितिका लागि अनुगमन तथा मूल्याङ्कन नमूना निर्देशिकाको मस्यौदा तयारी भएको।
- प्रदेश मन्त्रालयहरू र मातहतका कार्यालयहरूका कर्मचारीहरुलाई लैंगिक उत्तरदायी बजेट (GRB) परिक्षण सम्वन्धि अभिमुखिकरण सम्पन्न।
- PLGSP कार्यक्रमको पुनसंरचना सम्बन्धी प्रदेश स्तरीय बैठक सम्पन्न।

११. पुरष्कार र सम्मान

- पहिलो पटक कर्णाली प्रदेश निर्माणको क्रममा सहिद भएका परिवारहरुलाई सहयोग सहित पुरष्कार।

- पहिलो पटक उत्कृष्ट काम गर्ने निजामती कर्मचारीहरु र पत्रकारहरुलाई सम्मान तथा पुरष्कार।

१२. अनुगमन र प्रगति समिक्षा — मन्त्रीज्यूहरु र सचिवज्यूहरुबाट प्रदेश स्थित बिभिन्न विकास आयोजनाहरु र प्रदेश कार्यालयहरुको अनुगमन निरीक्षण, बार्षिक प्रगति समीक्षा भएको।

१३. कर्णाली प्रदेशका मन्त्रालय, आयोग, सचिवालय तथा कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्भेक्षण ( O & M ) को काम भैरहेको।

१४. स्वास्थ्य सेवा क्षेत्र-

- पुर्ण खोप सुनिश्चित कर्णाली प्रदेश घोषणा कार्यान्वयन।
- प्रदेश अस्पतालमा मृगौला प्रत्यारोपण, एम आर आई जाँच, मुटु उपचार सेवा शुरु।
- करार विज्ञापनद्वारा रिक्त दरवन्दी रहेका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई नियुक्ति गरि कामकाजमा खटाईएको।
- प्रदेश अस्पताल सुर्खेत र जिल्ला अस्पताल दैलेखमा स्वास्थ्य संस्थामा मातृ शिशु मैत्री सेवा अभियान निर्देशिका लागु गर्ने तयारी।
- नागरिक स्वास्थ्य परिक्षणको कार्यविधि तयार गरि चौकुने गाँउपालिकाको वार्ड नं. ३ मा पाइलट परिक्षण।
- मानसिक स्वाथ्य सम्बन्धमा स्थानीय तहसँग समन्वय तथा रणनीतिको बारेमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन।

## विकास निर्माणमा भैरहेको प्रगति

१५. नेपाल प्रहरी विशेष सुरक्षा गण, कर्णाली प्रदेश (हाल नेपालगन्ज) को स्थानान्तरण।

१६. एकीकृत प्रशासनिक भवन निर्माणको लागि आवश्यक पर्ने जग्गा प्राप्तीको लागि नेपाल सरकार मार्फत कारबाहीको लागि पठाईएको।

१७. कर्णाली प्रदेशमा विद्युतको आपूर्तिलाई गुणस्तरीय र नियमित बनाउन आवश्यक पहल गरिएको र कोहलपुर- सुर्खेत १३२ के.भि.ए. क्षमताको प्रसारण लाइनको काम अघि बढेको।

१८. प्रदेश योजना आयोग पदाधिकारीलाई पुर्णता दिइएको।

१९. औध्योगिक करिडोर र ग्रामको सम्भाव्यता अध्ययन र व्यवस्थापन भैरहेको।

२०. सुर्खेत खेलकुद रंगशाला र अन्य खेलकूद मैदानहरुको निर्माणको काममा तदारुक्ता दिइएको।

२१. क्रमागत र बहुबर्षिय बिकास आयोजनाहरु कार्यान्वयनको चरणमा रहेको।

२२. बिकास योजनाहरुको सर्भेक्षण, बिस्तृत आयोजना प्रतिबेदन र बातावरणीय अध्ययनको काम ठेक्का आह्वान संबन्धी काम भैरहेको।

२३. प्रादेशिक सडक गुरुयोजना (PRMP) अध्यावधिक गरी स्वीकृतिको अन्तिम चरणमा पुगेको।

२४. ग्रामिण सडक सन्जाल कार्यक्रम (RCIP) तर्फका ३ वटा सडकहरुको खरिद प्रक्रियामा गई प्राबिधिक मुल्यांकन अन्तिम चरणमा रहेको।

२५. प्रादेशिक तथा स्थानीय सडक सन्जाल सुधार आयोजना अन्तर्गत Pilot Programme को लागि सडकहरुको DPR तथा IEE स्वीकृतिको चरणमा रहेको।

२६. प्रदेश सुशासन केन्द्रको भवन निर्माणको प्राबिधिक मुल्यांकन स्वीकृति।

२७. समपुरक आयोजनाहरु तर्फ हुम्ला जिल्लाको खार्पू – सिमकोट (मानसरोवर प्रवेशद्वार) नमूना एकिकृत पूर्वाधार विकास कार्यक्रम र डोल्पा जिल्लाको रिङ्गबो वस्ती विकास कार्यक्रम।

२८. शे-फोक्सुणडो गा.पा. वडा नं ८ को DPR तथा IEE को लागि कार्य क्षेत्रगत शर्त (TOR) तथा लागत अनुमान स्वीकृत गरिएको। चाडपर्व लक्षित यातायात क्षेत्र सडक सवारी तथा भाडा अनुगमन गरिएको।

२९. पूर्वाधार बिकास कार्यालयहरुमा कार्यरत इन्जीनियर तथा सब-इन्जीनियरहरुको लागि स्थानीय सडक पुल कार्यक्रम (LRBP) सहयोगमा क्षमता अभीबृद्धि सम्बन्धि तालिम आयोजना गरिएको।

३०. पूर्वाधार बिकास कार्यालयहरुमा कार्यरत इन्जीनियर तथा सब-इन्जीनियरहरुको लागि झोलुङ्गे पुल सहयोग कार्यक्रम (TBSU) सहयोगमा क्षमता अभीबृद्धि सम्बन्धि तालिम आयोजना गरिएको।

३१. यातायात व्यवस्था सेवा कार्यालय रुकुम पश्चिमबाट सवारी चालक अनुमति पत्र वितरणको सेवा सुचारु गरिएको।

३२. हुम्ला जिल्लामा संयुक्त राष्ट्र सङ्घको महासभाबाट सन् २०२३ लाई अन्तराष्ट्रिय कोदोजन्य बाली वर्षको रुपमा घोषणा भए अनुसार मन्त्रालय, कृषि विकास कार्यालय हुम्ला, स्थानीय तह एवम् गैर सरकारी सङ्घ संस्थाहरुको संयुक्त आयोजनामा हुम्ला जिल्लाको सिमकोटमा पहिलो पटक अन्तरराष्ट्रिय कोदोजन्य बाली बर्षको कार्यक्रम आयोजना गरिएको।

३३. ब्याज अनुदान कार्यक्रम सञ्चालन कार्यविधिको मस्यौदा तयार हुदै।

३४. पशु सेवा तर्फ प्रदेश र स्थानीय तहमा कार्यरत ३० जना प्राविधिक कर्मचारीहरुलाई ३० कार्य दिने सेवा कालिन तालिम सम्पन्न।

३५. कर्णाली प्रदेशको भू-उपयोग नीति, जोखिम संवेदनशील भू-उपयोग योजना र निर्देशिका तयार भएको।

३६. राष्ट्रिय किसान आयोगसँग जनप्रतिनिधि, कृषि अधिकारकर्मी, सरोकारवाला तथा मन्त्रालय बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।

३७. कोदोजन्य बालीहरुको संरक्षण तथा प्रवर्द्धनको लागि नितिगत सारांश (Millet Policy Brief) तयारी भएको।

३८. बिभिन्न मन्त्रालयका मन्त्री र सचिवहरुबाट दशवटै जिल्लाका विभिन्न स्थानहरुमा सञ्चालन भएका योजना, कार्यक्रम तथा गतिविधिहरुको अनुगमन तथा निरीक्षण भैरहेको।

३९. चालु बर्षका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन कार्ययोजना निर्माण गरी तदनुरुप कार्यान्वयन भैरहेको।

४०. बेरुजु व्यवस्थापन प्रणाली सम्बन्धि प्रदेश सरकारका कर्मचारीहरुलाई पुर्नताजगी कार्यशाला सम्पन्न।

४१. वीरेन्द्रनगर र पञ्चपुरी उपत्यकाको स्थानगत योजना निर्माण सम्वन्धि स्थानीय तहहरुसंग समन्वय भइरहेको।

४२. प्रादेशिक लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) सम्पर्क व्यक्तिको बैठक सम्पन।

४३. प्रदेश मन्त्रालयहरू र मातहतका कार्यालयहरूका कर्मचारीहरुलाई लैंगिक उत्तरदायी बजेट (GRB) परिक्षण सम्वन्धि अभिमुखिकरण सम्पन।

४४. जुम्ला, सल्यान र कालिकोटमा रहेका प्रदेश सरकार अन्तरगत सरकारी कार्यालयको सार्वजनिक सुनुवाई कार्य सम्पन भएको।